संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
साँझखबर
साप्ताहिकको सह-प्रकाशन
खबर

मुलुकी दैनिकको नयाँ विज्ञापन दर
आवरण पृष्ठः प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठः प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठः प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुराः ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधाः ३५,०००/-
ज्याकेटः ७५,०००/-
नोटः रु.२०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१६, ▶▶ अंक २८३ ▶▶ बैशाख १९ गते आइतबार,२०७८ ■ May - 2 Sunday, 2021 ▶▶ यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/-

कोविड कहर, २५ गतेसम्म यातायात बन्द

बजार १० - ३ बजेसम्म मात्र

❖ महेश्वर चामलिङ

उदयपुर, बैशाख १८

दोस्रो चरणको कोविड भेरिएन्ट संक्रमण बढ्न नदिन प्रशासनले आईतबारदेखि यातायात सञ्चालन गर्न रोक लगाएको छ । जिल्ला कोविड शंकट व्यवस्थापन समिति (डिसिसिएमसी)को शनिबार सम्पन्न बैठकले संक्रमण रोक्न सार्वजनिक तथा नीजि सवारी साधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालय
उदयपुर, गाईघाट

सरोकारवाला व्यक्ति र निकायको सहभागितामा बसेको बैठकले संक्रमण बढ्ने र सर्ने मुख्य कारण मान्छेको आउजाउ नै भएकाले त्यसलाई रोक्न आउँदो २५ गतेसम्म यातायात बन्द गर्ने निर्णय गरेको डिसिसीएमसीका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले बताए । उनका अनुसार जिल्लामा पछिल्लो सातादिनभित्र संक्रमितको संख्या एक्कासी बढेको पाइएपछि थप संक्रमण हुन नदिन केहीदिनका लागि यातायात सञ्चालनमा रोक लगाउनु परेको हो ।

बैठकले सदरमुकाम गाईघाट लगायत जिल्लाका व्यापरिक केन्द्र र चहलपहल बढी हुने बजारहरु पनि सीमित अवधि मात्र खुल्ला गर्ने निर्णय गरेको छ । गाईघाटसँगै कटारी बजार, चौदण्डीगढीको बेलटार, बेलकाको रामपुर तथा रौतामाई गाउँपालिकाको मुर्कुची बजार विहान १०:०० बजेदेखि दिउसो ३:०० बजेसम्म मात्र खुल्ला गर्ने निर्णय भएको छ ।डिसिसिएमसीको निर्णय - ***बाँकी २ पेजमा***

८ गाई गोरु पहिरोमा पुरिए, ७ घर जोखिममा

❖ मुलुकी संबाददाता

उदयपुर, बैशाख १८

बर्खायाम सुरु भएपछि प्राकृतिक बिपतका घट्ना बढ्न थालेसँगै ओखलढुंगामा गाई गोरु पुर्नुका साथै आधादर्जन बढी घर जोखिममा परेका छन्। अघिल्लो दिनको वर्षाले शनिबार पहिरो जाँदा ओखलढुंगाको चम्पादेवी गाउँपालिकामा ८ वटा गाईगोरु पुरिनुका साथै आधादर्जन बढी घर जोखिममा परेका हुन् ।

पहिरोले चम्पादेवी ३ को सिल्खुबेंसीस्थित हरिप्रसाद सुबेदीका ३ वटा गाई पुरेको छ भने मोहन मगरका २ वटा गोरु र मुनामाया बोगटीका २ गोरु पुरिएको प्रहरीले जनाएको छ । विहानदेखिको वर्षाले दिउँसो ३:४५ बजे पहिरो जाँदा सो क्षति भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।

प्रहरीका अनुसार पहिरोले स्थानीय ७ घरधुरी पहिरोको उच्च जोखिममा रहेका छन् । उनीहरुको उद्धारका लागि सदरमुकामदेखि प्रहरी टोली खटेको छ भने गाउँपालिकाले आवश्यक तयारी गरेको छ । उद्धारमा थप सहयोग गर्न जिल्ला बिपत व्यवस्थापन समितिसँग गाउँपालिकाले आग्रह गरेको प्रहरीले जनाएको छ ।

संक्रमणको जोखिम कायमै

डा. नहुदा भेन्टिलेटरमा माकुरा जालो

❖ मुलुकी संवाद्दाता

उदयपुर, वैशाख १८

गतवर्षको पहिलो कोविड कहरमा उदयपुर नेपालकै 'कोरोना इपिसेन्टर' कहलियो । त्रियुगा नगरपालिका ३ भुल्केस्थित नुरी मस्जिदमा ०७७ वैशाख ५ गते ११ भारतीय जमातीसहित १६ जनामा एकैचोटी देखिएको संक्रमण फैलिदै महिनादिनभित्र ३२ जनामा पुगेपछि उदयपुर देशभरीकै प्रमुख संक्रमणस्थलमा दर्ज हुन पुग्यो ।

उदयपुर अस्पतालमा ९ महिनाअघि जडान गरिएको भेन्टिलेटर। तस्विरः मुलुकी

त्यसबेलाको कोविड त्रासले थिलथिलो हुन पुगेको सरकार, जनप्रतिनिधि र जिल्ला कोविड शंकट व्यवस्थापन समिति (डिसिसिएमसी)ले जिल्लामै कोविड अस्पताल, आईसियु र भेन्टिलेटर सेवासहितको स्वास्थ्य उपचार व्यवस्था मिलाउ जोडतोडले माग गरे। चैत ११ गतेदेखि देशव्यापी लकडाउन भईसकेको अवस्थामा सामान्य संक्रमित पत्ता लगाउन पिसिआर अभाव छदैथियो, भएको पिसिआर रिपोर्ट लिन पनि काठमाडौं, विराटनगर र धरान धाउनुपर्ने बाध्यता थियो । संक्रमित पत्ता लागेमा उपचार गर्न एक मात्र प्रदेश कोविड अस्पताल विराटनगर पुग्नुपर्ने अर्को समस्या थियो ।

त्यस्तो स्थितिबाट मुक्ति पाउन जनप्रतिनिधि र डिसिसिएमसीले सदरमुकामस्थत उदयपुर अस्पतालमा आईसियु र भेन्टिलेटर सेवासहितको उपचार व्यवस्था मिलाउन दबाबपूर्ण माग गरे। ढिलै भए पनि प्रदेश सरकारले बिनियोजन गरेको बजेटले अस्पतालमा अत्याधुनिक भेन्टिलेटर व्यवस्था गरिदिए पनि अहिलेसम्म सेवा भने सुचारु हुन सकेको छैन ।

गतवर्ष नै प्रदेश सरकारले दिएको १ करोड रकमबाट खरिद गरिएको भेन्टिलेटर ९ महिनासम्म - ***बाँकी २ पेजमा***

खुवालुङ गुडीया सप्लायर्स
त्रिनपा ११ गाईघाट, उदयपुर

यहाँ बिभिन्न किसिमका गुडियाहरु पाईन्छ। सम्पर्क - यहाँ गुडिया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ । प्रोपाईटर - हिमा राई । सम्पर्क - गाईघाट - असारी रोड पुर्णपुष्टि मिडिया हाउसको अगाडी रहेको शिब मन्दिर छेउको पुल नजिक ।

सम्पादकीय

ग्यास कम प्रयोग गरौ

शुक्रबार कौवाइ सामुदायिक बन उपभोक्ता समिती त्रियुगा नगरपालिका ७ उदयपुरले १ सय ३७ उपभोक्ताहरुलाइ खाना पकाउने ग्यास सिलिन्डर बितरण गरे ।

ब्यस्त, सहरी जीवन जहाँ ग्यास नभइ हुँदै हुन्न, त्यस्तो ठाउमा ग्याँस आबश्यक पर्दछ । अर्को अर्थमा जहाँ दाउराको अभाब छ, त्यहा ग्यास प्रयोग गर्नु आबश्यक छ । हाम्रो जस्तो जङ्गल नै जङ्गल भयको गाउघरमा ग्यास सिलिण्डर बितरणले परनिर्भरता बढ्छ ।

यदी ग्याँस नेपाली उधोग भयको खण्डमा त्यो पनि आपती थिएन । जङ्गल मासिन्छ भनेर ग्याँस बाड्न थाल्ने हो भने कति ग्याँस बाड्नु पर्ला ? बन जङ्गलको राम्रो गोडमेल, सरक्षण गर्ने हो भने दाउरा पनि निशुल्क पाइन्छ । अझ त्यसमा नेपाली अर्थतन्त्र बिदेशिनु बाट जोगिन्छ । जङ्गल जोगिन्छ भन्ने हो भने अहिले सम्म ग्याँस सिलिण्डर प्रयोग गरेका गाउँ ठाउँको कति बनजङ्गल जोगियो त ? यसको समिक्षा गरिनुपर्दछ ।

अहिले ग्याँस सिलिण्डर सामुदायिक बनले बाँड्न त बाड्यो । पछि त्यो ग्यास सिलिण्डर भर्ने पैसा पनि सामुदायिक बनले दिदैन होला । अहिले दाउरा काट्ने हाम्रा हातहरुले दिनभरी मोबाइल चलायर आराम गरेर समय बिताउने हो भने अझ त्यो जीवन शैली खतरा हुनेछ ।

ग्याँस प्रयोग गर्दा समयको बचत हुन्छ, धुँवाले असर गर्दैन । यो समयमा अन्य आम्दानी हुने काममा समय खर्च गरियो भने राम्रै होला । अहिले सामुदायिक बनले ग्याँसको योउटा भादा दियको हो । यसको प्रयोग कसरी गर्ने त्यो हामी आफै बुझ्की छोउ । ग्याँसको प्रयोगले समयको बचत सङ्गै स्वास्थ्य समस्या हुनबाट पनि बचिन्छ । त्यति मात्र होइन ग्याँस प्रयोग संङै खतरा पनि बढ्छ । ग्याँस सिलिण्डर प्रयोगले दाउराको आगो बाल्दा हुने आगलागीबाट हुनबाट धेरै मात्रामा बचिन्छ । के अब ग्याँस बाल्न सुरु गर्नु बितिकै बनजङ्गल संरक्षण हुन्छ त ? यसको समिक्षा गर्न आबश्यक छ । आज ग्याँस पनि बाँडियो, जङ्गल पनि बचेन, बनजङगल फडानी भयो भने हामि सबैले सोचेको जस्तो हाम्रो योजनामा फेल हुनेछ । ग्याँस बाल्नकोलागि आयआर्जनको श्रोत पनि बढाउनु पर्यो । ग्याँस बाल्दा दाउरा काट्न जाने समय बचेको खण्डमा त्यो समय आम्दानी र उत्पादनमा खर्च हुनु पर्यो । तब मात्र ग्याँस बितरणको सान्दर्भिकता हुनेछ । स्थानिय बासिन्दाले सहुलियत महशुस गर्नेछ । होइन भने दाउरा काट्न जाँदा हुने शारिरिक कसरत घरमा बसेर मोबाइल चलाउने, सुत्ने आराम गर्ने हो भने शारिरिक रुपमा बेफाइदा हुनेनै भयो । ग्याँस भर्ने पैसाको जोहो पनि गर्नुपर्ने हुन्छ । अर्को मुख्य कुरा नेपाली पैसा बिदेशिनुमा सहयोग हुनेभयो । त्यसैले सकिन्छ दाउरा नै बालोउ । बन जङ्गलको गोडमेल सङ्गै संरक्षण गरौ । ग्याँस कम मात्रामा प्रयोग गरौ ।

कोविड ....

अनुसार मदन भण्डारी लोकमार्ग पनि ठप्प हुने भएको छ । पूर्व(पश्चिम महेन्द्र राजमार्गको बिकल्प मानिएको सुनसरीको धरानदेखि बेलकाको चतारा(रामपुर हुँदै चौदण्डीगढीको बसाहा(बेलटार (सदरमुकाम गाईघाट भएर नेपालटार, कटारी, रिस्कु(कटारी छिचोल्दै सिन्धुली, हेटौंडा जोडिने मदन भण्डारी लोकमार्गमा कुनै गाडी चल्न नचल्ने प्रशासनले जनाएको छ ।

डिसिसिएसमीको निर्णयले ३ पाङ्ग्रेभन्दा माथिका सबै सवारीमा रोक लगाएको छ । जस अनुसार यात्रुबाहक बस र मालबाहक टूकदेखि ट्याक्टर, जीप, कार, भेन र अटो रिक्सासम्म चल्न पाउने छैनन् । मोटरसाईकलको हकमा एकजना मात्र सवार भएर चल्न पाउने निर्णय भएको छ ।

एम्बुलेन्स, प्रेस, खाद्यान्न, दुधजन्य सवारी साधन भने खुल्ला हुनेछन् । बैंक तथा बित्तीय संस्थाका कर्मचारीहरुलाई पहिचान खुल्ने परिचयपत्र बोकेर सीमित संख्यामा हिड्डुल गर्न दिइनेछ भने आपतकालीन अवस्थामा संक्रमण नहुने गरी सुरक्षा मापदण्ड अपनाएर आउजाउ गर्नमा रोक नलगाइने निर्णय बैठकले गरेको छ ।

यसअघि लाग्दै आएका साप्ताहिक हाटबजार पनि पूर्णतः बन्द हुनेछन् । बन्दको अवधिमा खाद्यान्न, औषधि ओसारपसार र आपूर्तिमा अवरोध आउन दिइने छैन । बन्दको अवस्थामा हुने कालोबजारी र अवैधानिक कार्यको नियमित अनुगमन गरिनेछ । कसैले बन्दको अवज्ञा गरे वा कालोबजारी गरेको पाइए कानुन बमोजिम कारबाही गरिने निर्णय भएको छ ।

नेपाल पत्रकार महासंघमा पत्रकार महिला

❖ लक्ष्मी पुन

नेपाली पत्रकारिता जगत विभिन्न मोड हुदै यहांसम्म आइपुगेको छ । कुनै पनि क्षेत्र महिला बिना कल्पना गर्न सक्दिैन । पत्रकारिता क्षेत्रमा महिला पत्रकारहरुको दखल शून्यबाट बिस्तारै बढ्दैछ । उनिहरु आफ्नो सक्रिएता, मेहनत, सिर्जनशीलता र प्रस्तुतिले बेग्लै पहिचान बनाउन सफल भएका छन् ।

पाठकहरु महिला पत्रकारहरुले तयार पारेको सामाग्रीमाथि बढी विश्वाश गरेका पनि भेटिन्छ । बिहान उठेर रेडियो, टेलिभिजन, अनलाईन र पत्रपत्रिकाहरुको पाना पल्टाउंदा उनीहरुको सक्रिय उपस्थितिको भान हुन्छ । नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हरिहर विरहीले आफ्नो कार्यकालमा चीन भ्रमणका लागि महिला पत्रकार हरुको पांच जनाको लिस्ट बनाउन कठिन भएको एउटा छलफलको क्रममा जानकारी गराउनु भएको थियो ।

इतिहास

नेपाली पत्रकारिताले इतिहास हेर्दा केही साहासी तथा अग्रज महिला पत्रकारहरुले पारिवारिक अड्चन, सामाजिक टीकाछिटप्पणी र घरायसी बन्त्रधन तोडदै आफ्नो नाम अग्रपंक्तिमा लेखाउन सफल भएका छन् । पत्रकारिता त्यसै पनि कठिन विषय हो । जबसम्म कुनै व्यक्तिमा यस क्षेत्रप्रति तीब्र इच्छा, लगाव र प्रतिबद्धता हुदैन तबसम्म निरन्नरता र अपेक्षित प्रतिफल आउन सक्दैनन् । पत्रकारितालाई राज्यको चौथो अड त्यसै भनिएको होइन । यसको निष्ठा र गरिमा

जोगाउन पनि त्यति सहज छैन । नेपाली पत्रकारीताको शुरुवाती दिनहरु खोज्दै जांदा निकै कष्ट तथा संघर्षपुर्ण थिए । कर्णालीका दूरदाजका जिल्लाहरुमा त आजको मिति सम्म पनि प्रेस मसिन पुगेका छैन । सन्चार नपुगेको ठाउं अन्धकार हुन्छ र अधिकारको कुनै कुरा हुदैंन । १९५५ मा नेपाली भूमीमा पहिलोपटक मोतिराम भटद्धारा 'सुधासागर' नामक मासिक पत्रिका प्रकाशित भएको थियो । महिलाको नेतृत्वमा पहिलो पत्रिका 'महिला' भन्ने २००८ मा मात्र प्रकाशित भएको थियो ।

साधन प्रधानले सो पत्रिका कामाक्षादेविसंग मिलेर प्रकाशन गर्नुभएको थियो । स्मरण रहोस प्रधान २००४ मा पहिलोपटक प्रवेशिका परिक्षा दिने ४ जना महिलामध्यको एक हुन् ।

नेपालमा प्रजातन्त्रको स्थापनापश्चात पत्रकारिता जगतले फडाको हानेको थियो । महिलाहरु पनि यस क्षेत्रमा विस्तारै आकर्षित हुन थाले । २०४७ को संविधानले जनतालाई सुसूचित हुने र प्रेस स्वतन्त्रताको प्रत्याभुत गरेपछि, आमसन्चारमाध्यमहरुको निकै विकास भयो । कुनै पनि देशमा राजनीतिक परिवर्तन र प्रेस स्वतन्त्रता संगसंगै अघि बढ्नु स्वभाविक हो । तर २०५० पछि मात्र नेपाली पत्रकारिताले व्यवसायिक छलाड हानेको हो । राज्यद्धारा सन्चालित रेडियो नेपाल नेपालको पहिलो रेडियो हो ।

तर निजी तथा सामुदायिक एफएम रेडियोको शुरुवातसंगै महिला पत्रकारहरुको संख्या बढने क्रमले गति लियो । तसर्थ, नेपालको रेडियोको युगलाई महिला पत्रकारहरुको युग भन्न अनुचित न होला । त्यसमा पहुंच भने सीमित व्यक्तिहरुको मात्रै रह्यो ।

चुनौतहिरु

महिलाहरुमाथि पुरुषप्रधान समाजमा दोहोरो उतपीडन हुन्छ । समाजले पनि महिलाहरु घरबाट बाहिर निस्केको खासै रुचाउदैन । महिलाहरुले नै चुलोचौको र नानीहरु स्याहार्नु पर्छ सोच हावी भएकाले महिलाहरु घरबाट बाहिर निस्कन सहज हुंदैन । निस्कन सहज हुदैन । निस्किहाले पनि घर र कार्यलय संग मिलाउनु पर्छ । त्यसैले परिवारवाट साथ न पाए, पेशालाई निरन्तरता दिन निकै कठिन बन्दछ । श्रीमान र श्रीमति दुबै पत्रकारिता क्षेत्रमा - ***बाँकी ३ पेजमा***

संक्रमण....

जनशक्ति अभावमा त्यत्तिकै थन्किएर राख्नु परेको छ । गत भदौ पहिलो साता जडान गरिएका दुईवटा भन्टिलेटर सञ्चनलमा ल्याउन नसक्दा अहिले माकुराले जालो हालिसकेको अवस्थामा छन् । आवश्यक जनशक्ति अभावमा भेन्टिलेटर सञ्चालनमा ल्याउन नसकिएको अस्पतालले जनाएको छ ।

गम्भीर खाले कोविड संक्रमिको उपचारलाई लक्षित गरेर अस्पतालको नयाँ भवनमा राखिएका दुई भेन्टिलेटरसहित ५ शैया अस्पतालको नयाँ भवनको पहिलो तल्लामा तयार गरिएको तर, जनशक्ति नभएपछि त्यत्तिकै थन्किएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट (मेसु) डा. जीवनारयण मण्डलले बताए । डा. मण्डलका अनुसार प्रदेश सरकारले आर्थिक वर्ष ०७६/७७ मा उपलब्ध गराएको १ करोड रुपैंया भेन्टिलेटर खरिदमा खर्च भएको छ ।

भेन्टिलेटर सेवा सञ्चालन गर्न आवश्यक उपकरण खरिदका लागि अस्पतालले सोही वर्ष असार मा टेण्डर आह्वान गरेकोमा साउनमा जडान गर्दासम्म भदौ लागेको डा. मण्डलले बताए । भदौभित्रै सेवा सुचारु गर्ने तयरी गरे पनि जनशक्ति जुटाउन नसक्दा सञ्चालनमा ल्याउन नसकिएको उनले बताए ।

अहिले दोस्रो चरणको कोविड भेरिएन्टको बिगबिगी बढेपछि पुनः भेन्टिलेटर सञ्चालनमा ल्याउन पहल गरे पनि जनशक्ति पाउन नसकेको उनले बताए । भेन्टिलेटर सञ्चालन गर्नका लागि एनेथेस्सिया (बेहोस् बनाउने) कन्सल्टेन्ट डा. चाहिनेमा त्यो उपलब्ध हुन नसक्को अस्पतालले जनाएको छ । शनिबारको डिसिसिएिमसी बैठकमा तयारी अबस्थामा रहेका भेन्टिलेटर सञ्चालन गर्ने र त्यसका लागि जनशक्ति माग गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले बताए । त्यसका लागि बैठकस्थलबाटै प्रदेश सामाजिक विकास मन्त्रालयमा फोन सम्पर्क गरी कुरा गर्दा संभव नभएको जवाफ पाएको उनले बताए ।

अस्पताल विकास समितिका अध्यक्ष तथा जिल्ला समन्वय समिति प्रमुख खड्ग परियारले भेन्टिलेटर सकेसम्म छिटो सञ्चालनमा ल्याउने गरी आवश्यक प्रवन्ध मिलाउन प्रयास भईरहेको बताए । उनले एनेथेसिया डा. प्रदेश स्वास्थ्य निर्देशनालयसँग माग गर्ने निर्णय भए पनि अहिले उपलब्ध नहुने भएपछि अस्पतालकै जनशक्तिलाई आधारभूत तालिम दिलाएर भए पनि सञ्चालनमा ल्याउन छलफल अघि बढेको बताए । नयाँ जनशक्ति नपाइने भएपछि अस्पतालकै जनशक्तिलाई आवश्यक तालिम दिएर सेवा सुचारु गर्नेबारे छलफल भएको परियारले बताए । विद्यमान जनशक्तिमध्ये केहीलाई भेन्टिलेटर र आईसियु सञ्चालनबारे कम्तीमा ७ दिने तालिम दिन सके सेवा सुचारु गर्न सकिने विषयमा बैठकमा छलफल भएको बताइएको छ । त्यसका लागि धरानस्थित बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा व्यवस्था मिलाउन प्रदेश सरकारलाई आग्रह गर्ने निर्णय भएको छ ।

अस्पतालमा भएको दुई भेन्टिलेटर मात्र सञ्चालनमा ल्याउन सके मात्र पनि जारी कोविड कहरमा धेरै राहत मिल्ने भएकाले त्यसप्रति गम्भीर बन्न स्थानीयले सरोकारवालाको ध्यानाकर्षण गराएका छन् । हाललाई कोरोना संक्रमितको उपचारमा प्रयोग गर्न र महामारी सकिएपछि सबै खालका विरामीलाई उपचार गर्न भेन्टिलेटर व्यवस्थित गर्नु पर्ने जिल्लाबासीको माग छ ।

नगरपालिका को मेयरहरुको गाडी मोह

❖ बुद्धि चामलिङ

उदयपुर, बैशाख १८

त्रियुगा नगरपालिकाका मेयर बलदेब चौधरीले ९१ लाखको हेक्सा गाडी चढ्ने गरेका छन । २०७६ साल असोज मा किनेको टाटा हेक्सा गाडी उदयपुरको ८ पालिका मध्येकै राम्रो धैरै मुल्य र राम्रो गाडी हो । ५ बर्षे कार्यकालमा अब १ बर्षको लागि मात्र चढ्न पाउने गाडी कार्यकाल सकियसङ्गै छोडेर जानू पर्छ ।

उपमेयर देबी चौधरीले टाटाको नेक्सन गाडी चढ्छन । नगरपालिकाका कार्यकारी अधिकृत लक्ष्मणबहादुर थापाले निशान गाडी चढ्छ्न । कार्यकारी अधिकृत थापाले चढ्ने गरेको गाडी दुई बर्ष अघि बन मन्त्रालयबाट ल्याइएको हो ।

नगरपालिकासँग अहिले ८ बर्षअघि किनेको एक वटा दमकल, ५ वटा ट्याक्टर छ । ५ वटा ट्याक्टरमा ३ वटा ट्याक्टर मात्र अहिले चालू अबस्थामा छ। दुई वटा ट्याक्टर नचल्ने अबस्थामा छ। त्यस्तै नगर पालिकासङ्ग २८ वटा बाइक छ। २८ मध्ये १६ वटा बाइक नगर पालिकाको १६ वटै वडाका अध्यक्षहरुले चलाउने गरेको छ। बाकी १२ वटा मोटरसाइकल नगरपालिकाको कर्मचारीले चलाउने गरेको छ।

त्रियुगा नगरपालिकासङ्ग योउटा टिफर, एक वटा बोलेरो र एक वटा टाटा सुमो जिप रहेको नगरपालिकाका जिन्सी शाखा प्रमुख खरिदार बेदनाथ ढुंगानाले जानाकारी दिए। यसैगरी उदयपुर जिल्लामा ४ नगरपालिका र ४ गाउँपालिका छन् । जसमा लिमचुङबुङ गाउँपालिकाका अध्यक्षले गाउँपालिकाको काम गर्न पालिकाबाट अपाचे मोटरसाइकल किनेका छन् । लिमचुङबुङ गाउपालिकाले अध्यक्षको लागि गाडी किन्ने पैसाले गाउपालिकाको लागि यात्रुबाहक बस किनेको छ। बाँकी तिन गाउँपालिका ताप्ली, उदयपुरगढी र रौतामाई गाउपालिकाले अध्यक्षको निम्ति गाडी किनेको छ । चार नगर पालिकाले भने मेयर, उपमेयर सबैलाई गाडी किनेर उपयोग गरि रहेका छन् ।

मेयर बलदेबले चढ्ने गाडि ।
त्रियुगा नगरपालिका

नगरपालिकाको बिग्रेको ट्याक्टर
त्रियुगा नगरपालिका

बेलका नगरपालिका मेयर दुर्गा थापा

चौदन्डि मेयर खगेन्द्र राइ

कटारि उपमेयर भिमकुमारि राउतले चढ्ने गाडि

रौतामाइ गापा प्रमुख राजेन्द्र खड्का

गाईघाट मुख्यचोकको नालीको भ्वाङ टाल्न सुरु गर्दै ।
तस्विर: मुलुकी

नेपाल पत्रकार ...

पनि महिलाले दोहोरो जिम्मेवार निर्वाह गर्नै परेको छ । मानिसको सोचमा खासै फरक आएको पाईदैन ।

महिला पत्रकारहरुलाई व्यावसायिक बन्दै अगाडि बढ्न अनेक बाधा अड्चनहरुको सामाना गर्नुपर्छ । त्यसैले, कतिपय महिला पत्रकारहरु बिहेपश्चात पेशा परिवर्तन गर्न बाध्य हुन्छन् । जसमा तल उल्लिखित कतिपय चुनौतीहरु उनीहरुले सामना गर्नु परेको छ ।

घर परिवारबाट साथ र सहयोग प्राप्त न हुनु । महिला पत्रकारहरुको हकमा नीतिगत कुराहरुको अभाव। कामको जिम्मेवारीमा लैङ्गिक विभेद । समयमा पारिश्रमिक तथा अन्य सुविधा नपाउनु। समान कामको समान ज्याला नपाउनु ।

कार्यक्षेत्रमा पुरुष सहकर्मीहरु र हाकिमबाट यौन हिंसा तथा दुव्यवहार । फिल्डमा जाने क्रममा चारित्रिक रुपमा टीका टिपणी हुनु । कार्यलयस्थल तथा समाचाार कक्ष महिलामैत्री न हुनु। रात्रीकालीन सेवामा खट्ने क्रममा पिक एण्ड डपको व्यावस्था न हुनु ।

लेख पत्रकारिता पत्रिकाबाट साभार ।

त्रियुगा नगरपालिका
कार्यकारि अधिकृतले चढ्ने गाडि

स्थानीय उत्पादन उपयोग गरौं,
रौता साबुन नै प्रयोग गरौ !

हामी सबैको
रोजाइ रौता साबुन

रौतामाई साबुन र सर्फ उद्योग

देव इलेक्ट्रीकल सेन्टर, गाईघाट उदयपुर
हाम्रा सेवाहरु:
स्थान : त्रियुगा ११ गाईघाट उदयपुर
9861967839
प्रोपाइटर

धनगढीले जित्दा बुटबल बराबरीमा रोकियो

❖ **बिबेक राई**

गाईघाट, बैशाख १८

खुकुरी सुपर लिगको शनिबारको दुई खेलमध्ये एउटामा धनगढि एफसीले ३-० को शानदार जित हात पार्दा अर्को खेलमा बुटवल लुम्बिनि एफसी बिराटनगर एफसीसँग २-२ गोलको बराबरीमा रोकिएको छ ।

फुटबलप्रति मोह । त्रिनपा १२ पुरानो गाईघाट बुद्धचोकका युवाहरु फुटबल खेल अभ्यास गर्दै । तस्विर: बुद्धि चामलिङ ।

शनिबारको पहिलो खेलमा धनगढिले एफसि चितवनलाई पराजित गरेको हो । पहिलो हाफ प्रतिस्पर्धात्मक रुपमा गोलरहित बराबरी खेले पनि धनगढिले दोस्रो हाफमा तीन गोल गरेको थियो ।

६३ औं मिनेटमा निसान खड्काको क्रस पासमा निसान लिम्बूले गोल गरेपछि धनगढिले गोलको खाता खोलेको थियो । खेलपछि लिम्बूहुवावे सुपर प्लेयर अफ द म्याच हुँदै टूफि र नगद पच्चिस हजार हातपार्न सफल भए । लिम्बूकै पासमा ६९ औं मिनेटमा ओलावाले अफिजले धनगढिका लागि दोस्रो गोल गरेका थिए । ८० औं मिनेटमा बुद्धिबल तामाङले तेस्रो गोल गरेपछि धनगढिको जित सुनिश्चित भएको थियो ।

अफिजले गोलपोस्टमा गरेको प्रहार फितलो हुँदै आफ्नै साथी तामाङको खुट्टामा पुगेको थियो । उनले गरेको तुरुन्तको प्रहार गोलमा परिणत भएको थियो । चितवनले भने धनगढिको भन्दा धेरै अवसर पाए पनि फिनिसिङमा चुक्दा गोलविहिन हुनुपर्‍यो । धनगढिले ९ पटक प्रहार गर्दा चितवनले ११ पटक प्रहार गरेको थियो । तर दुर्भाग्यबस धनगढिको पाँच प्रहार अन टार्गेट हुँदा चितवनको दुई प्रहार मात्र अन टार्गेट परेको थियो । उसो त कर्नर प्रहार पनि चितवनले नै बढि पाएको थियो । खेल अवधिभर धनगढिले तीन र चितवनले चार कर्नर प्रहारको मौका पाएको थियो । खेलपछि धनगढिका बुद्धबल निभियाइमर्जिङ प्लेयर अफ द म्याचहुँदै गिफ्ट ह्याम्पर र नगद दशहजार हातपार्न सफल भए । त्यस्तै शनिबार नै साँझ साँढे पाँच बजे भएको दोस्रो खेलमा बुटवल र बिराटनगरले २-२ गोलको प्रतिस्पर्धात्मक बराबरी खेले ।

यसअघि बुटवलले आफ्नो चितवनसँगको खेलमा पनि २-२ को नै बराबरी खेलेको थियो । यसपटक दुईपटकको अग्रता जोगाउन नसक्नुमा र त्यसमा पनि निर्धारित ९० मिनेटसम्मको समयसम्म २-१ गोलको अग्रता जोगाउनु नसक्दा बिराटनगरसँग बराबरी खेल्नुपर्‍यो । खेलको छैटौ मिनेटमा नै डिफेन्डर ओमलेजा नुरेन करिमले गोल गर्दै बुटवललाई अग्रता दिलाएका थिए । यो गोल जारि लिगको सबैभन्दा छिटो गोल पनि हो ।

४२ औं मिनेटमा पेड्रोज मान्जी कुजले गोल गर्दै बिराटनगरलाई पहिलो हाफमै बराबरीमा ल्याए । उनले एडेलेजाको पासमाडिबक्सको ठिक बाहिर २० यार्ड टाढाबाट प्रहारलाई सिधै गोलमा परिणत गरेका थिए । तर ६८ औं मिनेटमा बुटवलले दोस्रो गोल गर्दै खेलमा अघि बढ्यो । आफ्ना साथीबाट आएको लामो क्रसपासमा लक्ष्मण रुचालले बायाँ खुट्टाले प्रहार गर्दै गोल गरेका थिए । त्यसपछि सोही नतिजा कायम राख्ने उदेश्यका साथ बुटवलले खेलेको थियो । निर्धारित ९० मिनेटको समयसम्म सफल पनि भएको थियो ।

खेलको ९० मिनेटपछिको सात मिनेटको इनजुरी समयको दोस्रो मिनेटमा गोल फर्काउँदै बिराटनगर कम्तीमा हारबाट जोगिँदै एक अंक भएपनि लिन सफल भयो ।

३५ यार्ड टाढामा प्राप्तफ्रिकिकमा सन्तोष तामाङको लामो प्रहार डिबक्सभित्र हुलमुलकाबिच डूप हुँदै पोस्टभित्र छिरेको थियो । बुटवलका सुमन लामा, निभिया प्लेयर र बिराटनगरका पेड्रो हुवावे सुपर प्लेयर चुनिए ।

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३
यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।

चोयु हिमालयन
चोयु हिमालयन नुडल्स तथा सस उद्योग
शुद्ध मैदाबाट बनाइएको थुप्पा चाउचाउ

त्रियुगा न.पा. - ३, भुल्के, उदयपुर
मोबाइलः- ९८१६७००३०५,
९८४९५३२२१५

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स
त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको ।
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२
यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।

माझखर्क साप्ताहिकको सह प्रकाशन
मुलुकी
प्रकाशक / संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/www.mulukikhabar.com
मुद्रण :माझखर्क अफसेटप्रेस, गाईघाट